नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(........................................ शाखा)

प.सं. : ०७८/७९

च.नं. : २३१

सिंहदरबार, काठमाण्डौ

## प्रेस विज्ञप्ति

यही २०७८ साल मंसिर १३ देखि १५ गते (२९ नोभेम्बरदेखि ०१ डिसेम्बर २०२१) सम्म चीनको हङ्कङ्गमा आयोजना भएको एशियाली-अफ्रिकी कानून परामर्शदातृ संगठन (Asian-African Legal Consultative Organization, AALCO) को ५९ औं वार्षिक सभामा नेपाल सरकारको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री दिलेन्द्रप्रसाद बडुको नेतृत्वमा रहेको नेपाली प्रतिनिधिमण्डलले भाग लिएको छ। हाल विश्वभरि फैलिएको कोभिड-१९ को कारण उक्त सभा Hybrid Model (Online and Physical) मा आयोजना भएको थियो। AALCO को विधान बमोजिम यस सभाले आगामी ४ वर्षका लागि थाइल्याण्डका डा. क्यामालिन पिनितपुभाडोललाई महासचिव पदमा निर्वाचित गरेको छ।

AALCO को ५९ औं सभालाई मंसिर १४ गते (३० नोभेम्बर) माननीय मन्त्रीज्यूले Online मार्फत सम्बोधन गर्नु भएको थियो। सम्बोधनका क्रममा माननीय मन्त्रीज्यूले नव निर्वाचित महासचिवलाई बधाई ज्ञापन गर्दै नयाँ पदावधिको लागि शुभकामना समेत व्यक्त गर्नुभयो। उहाँले सभामा हाल विश्वभरि फैलिएको कोभिड-१९ को असरलाई कम गर्न कोभिड विरुद्धको भ्याक्सिन लगाउन पाउनु सबैको अधिकार रहेको कुरामा जोड दिनुभयो। साथै नेपालसँग प्रत्यक्ष सम्बन्धित भूपरिवेष्टित राष्ट्रहरुको समुन्द्रसम्मको पहुँच र समुन्द्रको स्रोतमाथिको समान अधिकार, साइबर अपराध रोकथाममा अन्तर्राष्ट्रिय समन्वय तथा जलवायु न्याय जस्ता अन्तर्राष्ट्रिय कानूनका साझा सरोकारका विषयमा समेत जोड दिनुभएको थियो। उहाँले भूपरिवेष्टित राष्ट्रहरुको समुन्द्र र समुन्द्रका स्रोतको उपभोगमा सहज र प्रभावकारी पहुँच सुनिश्चित गर्न प्रभावकारी अन्तर्राष्ट्रिय लिखत जारी गर्ने विषय तथा साइबरस्पेस सम्बन्धी आवश्यक राष्ट्रिय कानून निर्माण गर्नुपर्ने विषय उल्लेख गर्नुभयो। त्यसैगरी उहाँले नेपालमा पनि जलवायु परिवर्तनबाट पर्न गएको असरको बारेमा उल्लेख गर्दै हालसालै नेपालको मुस्ताङ र मेलम्ची क्षेत्रमा घटेका घटनाहरु यसको परिणाम भएको कुरा बताउनु भएको थियो।

उक्त सभामा उठाइएका विषयवस्तुमध्ये साइबरस्पेस सम्बन्धी अन्तर्राष्ट्रिय कानूनको विषयमा मंसिर १५ गते (०१ डिसेम्बर) को तेस्रो साधारण बैठकमा कानून, न्याय तथा संसदीय मामिला सचिव श्री उदयराज सापकोटाले नेपालको तर्फबाट धारणा राख्नु भएको थियो। उहाँले उक्त बैठकमा नेपालले साइबर सुरक्षामा आफ्नो प्रतिबद्धता पूरा गर्न इमान्दारिताका साथ कार्य गर्दै आइरहेको र साइबर सुरक्षामा देखा परेका नयाँ चुनौतिहरु समाधान गर्न राष्ट्रिय साइबर सुरक्षा नीति, २०२१ को मस्यौदा तयार गरेको व्यहोरा समेत उल्लेख गर्नु भएको थियो।

४७ सदस्य राष्ट्रहरुमध्ये ४३ सदस्य राष्ट्रहरुको सहभागिता रहेको AALCO को उक्त ५९औं वार्षिक सभा यही मंसिर १५ गते (०१ डिसेम्बर) सम्पन्न भएको छ। सो सभामा माननीय मन्त्रीज्यूको नेतृत्वमा यस मन्त्रालयका सचिव सहित सहसचिव श्री निर्मला अधिकारी भट्टराई र उपसचिव श्री आरती श्रेष्ठ Online मार्फत र हङ्कङ्गस्थित महावाणिज्यदूतावासको कन्सुल श्री किरण कुमार गुरुङ्ग प्रत्यक्ष रुपमा गरी पाँच सदस्यीय नेपाली प्रतिनिधिमण्डलले भाग लिएको थियो।

मितिः २०७८।८।१५, बुधवार

(फणीन्द्र गौतम)
सहसचिव एवं प्रवक्ता